## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०३।३० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्तिम खाका स्वीकृती सम्बन्धमा :-**

आगामी आर्थिक वर्ष २०७६।७७ को लागि मिति २०७६ असार १० गते गाँउसभामा पेश भएको वार्षिक नीति, कार्यक्रम तथा बजेटको विषयमा विभिन्न समितीहरु आर्थिक विकास समिती, सामाजिक विकास समिति, पूर्वाधार विकास समितीहरुमा विधिवत छलफल पछि परिमार्जन गरी तयार भएको संलग्न वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्तिम खाका आगामी गाँउसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**२. गाउँसभाको लागि मिति तोक्ने सम्बन्धमा :-**

बकैया गाउँपालिकाको तेश्रो गाउँसभाको दोश्रो बैठक मिति २०७६ साल असार महिनाको ३१ गते संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**३. बकैया गाँउपालिकाको आर्थिक ऐन, २०७६ सम्बन्धमा:-**

बकैयागाउँपालिकाको पाँचौ गाउँसभाको मिति २०७६।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७६ लाई गाउँसभाले थप अध्ययन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई थप अध्ययन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**४. बकैया गाउँपालिकाको विनियोजन ऐन २०७६ सम्बन्धमा :-**

बकैयागाउँपालिकाको तेश्रो गाउँसभाको मिति २०७६।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको विनियोजन ऐन २०७६ लाई गाउँसभाले शंशोधन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई शंशोधन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**५. बकैया गाँउपालिकाको सहकारी ऐन, २०७४ संशोधन तथा सहकारी नियमावली, २०७६ सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउपालिकाको सहकारी ऐन, २०७४ मा केही संशोधन गर्नुपर्ने हुँदा संशोधन सहित पारित गरियो र गाँउसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

साथै सहकारी नियमावली, २०७६ पारित गरियो र गाँउसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

**<u>६.</u> अनुमति सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिका वडा नं ४ मा रहेको श्री महेन्द्र माध्यामिक विद्यालयमा प्राविधिक शिक्षाधार इलेक्ट्रिकल इन्जिनियरिङ तर्फ शैक्षिक शत्र २०७५ बाट कक्षा ११ सञ्चालन भइरहेको र यसै शैक्षिक शत्र २०७६ बाट कक्षा १२ सञ्चालनार्थ तथा सो को लागि थप प्रशिक्षक व्यवस्थापनको लागि अनुमति माग भइ आएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)३ मा भएको व्यवस्था बमोजिम उक्त विद्यालयलाई शैक्षिक शत्र २०७६ बाट कक्षा १२ सञ्चालन र थप प्रशिक्षक व्यवस्थापनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

बकैया गाँउपालिका मकवानपुर